नेपाल सरकार
परराष्ट्र मन्त्रालय
# कन्सुलर सेवा विभाग

मिति:२०७८/०४/१७

# प्रेस विज्ञप्ति

## Covid-19 खोप प्रमाणपत्रहरुको कन्सुलर प्रमाणीकरण गर्नु नपर्ने सम्बन्धमा।

स्वास्थ्य मन्त्रालयको मिति २०७८/०४/१० गतेको पत्रमा स्वास्थ्य मन्त्रालयद्वारा तोकिएका ४ अस्पतालहरुबाट जारी भएका Covid-19, खोप प्रमाणपत्रहरुका नमुना तथा प्रमाणीत गर्ने कर्मचारीको हस्ताक्षर नमुना नेपालस्थित सम्पूर्ण विदेशी नियोगहरुलाई जानकारी गराईदिनुहुन भनी अनुरोध भई आएको, साथै Covid-19 संकट ब्यवस्थापन केन्द्र (CCMC) को मिति २०७८/०४/१७ गतेको पत्र मार्फत स्वास्थ्य मन्त्रालयद्वारा तोकिएका ४ अस्पतालहरुबाट जारी भएका Covid-19, खोप प्रमाणपत्रहरु कन्सुलर विभागबाट थप प्रमाणीकरण गर्नु नपर्ने गरी नेपालस्थित सम्पुर्ण विदेशी नियोगहरुलाई जानकारी गराईदिनुहुन अनुरोध भई आएको छ ।

यस सम्बन्धमा स्वास्थ्य मन्त्रालयद्वारा तोकिएका अस्पतालहरु, खोप प्रमाणपत्र तथा हस्ताक्षरको नमुना यस विभागको मिति 30th July,2021 को Reference No. DOCS/07/077/78/CSCADM78150412 को पत्रबाट नेपालस्थित सम्पूर्ण कूटनीतिक नियोगहरुलाई र मिति २०७८/०४/१७ गतेको च.नं CSCADM78170412 को पत्र मार्फत विदेशस्थित सम्पूर्ण नेपाली नियोगहरुलाई समेत अवगत गराई सकिएको छ। यसर्थ उक्त प्रमाणपत्रहरु कन्सुलर सेवा विभागबाट थप प्रमाणीकरण गर्न नपर्ने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि अनुरोध छ ।

आवश्यक प्रचार-प्रसारका लागि अनुरोध छ।

(गंगा सुन्दास)
सूचना अधिकारी

फोन नं. ४२६०१०८,४२६०१२१ फयाक्स ००९७७-१-४२६०११४